# आयोगका पदाधिकारीहरुको पहिलो एक वर्ष : प्रमुख गतिविधिहरु

**(२२ माघ, २०७७ देखि २१ माघ २०७८)**

*(२६ माघ, २०७८ मा भएको पत्रकार सम्मेलनमा वितरित)*

**पत्रकार मित्रहरु,**

मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताका लागि वि. सं. २०५७ सालमा स्थापित राष्ट्रिय मानव अधिकार आयोगको पाँचौं कार्यकालका पदाधिकारीका रुपमा २०७७ माघ २१ गते हामीले कार्यभार सम्हालेको यतिबेला एक वर्ष पूरा भएको छ। आयोगले २१ वर्षको अवधिमा हासिल गरेको उपलब्धि, आयोगको संवैधानिक तथा कानूनी क्षेत्राधिकार, वर्तमान परिस्थिति र  भविष्यमा आयोगले लिनुपर्ने कार्यदिशालाई आत्मसाथ गर्दै नियुक्तिसँगै हामीले कार्य प्रारम्भ गरेका थियौं ।

हाम्रो नियुक्ति भएको केही महिनामै कोभिड-१९ को दोश्रो चरण उच्च बिन्दुमा पुगी कार्यालयमा स्वास्थ्य मापदण्डको पालना गर्दै आलोपालो गरी न्यून कर्मचारीबाट कार्य सम्पन्न गर्नुपर्दा काममा केही बाधाव्यवधान भयो । तेस्रो चरणको कोभिडले समेत आयोगको दैनिक कार्यमा असर पार्‍यो । यस जटिल परिस्थितिका बावजुद् आयोगले आफ्नो कार्यलाई निरन्तरता दिँदै महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । आयोगले हासिल गरेका उपलब्धिलाई संस्थागत गर्दै आयोग समक्ष आइपरेका चुनौतीहरु आमसञ्चारका माध्यमबाट सर्वसाधारण र सरोकारवालालाई जानकारी गराउने विगतको अभ्यासलाई निरन्तरता दिँदै आज हामी यहाँ उपस्थित भएका छौँ । आयोगको निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका सम्पूर्ण सञ्चारकर्मीहरुलाई स्वागत गर्दै आयोगका एक वर्षका केही महत्वपूर्ण गतिविधिहरु यहाँहरु समक्ष राख्न चाहन्छौँ ।

यस अवधिमा आयोगबाट सम्पन्न भएका कार्यहरु देहायबमोजिमका रहेका छन् :

## उजूरी ग्रहण, अनुसन्धान तथा सिफारिस

मिति २०७७ माघदेखि २०७८ मङ्सिर मसान्तसम्म आयोगमा जम्मा १२९ उजुरी दर्ता भएका छन् । नयाँ र पुराना गरी जम्मा ३७८ थान उजूरी फछ्र्यौट भएका छन् भने निर्णय सङ्ख्या जम्मा ४६६ रहेका छन् । नीतिगत ४ र उजुरीगत ५१ सिफारिस भएका छन् ।

## नीतिगत सिफारिस

- मनोसामाजिक समस्याको उपचारका लागि स्वास्थ्य संस्थाहरुको कमी रहेकाले प्रदेश स्तरमा समेत यस्ता स्वास्थ्य संस्थाहरुको विस्तार गर्न र हाल भएका स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गरी व्यवस्थापनमा सुधार गर्न
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुको पहिचानको अधिकारलाई सम्मान गर्न
- कारागार र हिरासतको स्तरोन्नति गर्न र सुरक्षाको व्यवस्था मिलाउन

- स्थानीय सरकारहरुले कानून निर्माण गर्दा मानव अधिकारमैत्री हुने गरी निर्माण गर्न

**उजुरीगत सिफारिस**

- पहिचान भएका पीडकहरुलाई कानून बमोजिम कारवाही गर्न
- पीडक पहिचान गरी कानून बमोजिम कारवाही गर्न
- पहिचान भएका पीडक, निकायलाई कारवाही गर्न
- पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन

**अनुगमन**

- मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा विश्वव्यापी आवधिक समीक्षाबाट नेपाललाई प्राप्त सिफारिसहरुको कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन
- कारागार/हिरासत, अस्पताल, सीमा क्षेत्रमा बस्ने नागरिकहरुको मानव अधिकार सम्बन्धमा अनुगमन
- कोभिड-१९ को अवस्थामा आइसोलेशन केन्द्रहरुको व्यवस्थापन, अस्पतालमा औषधिको उपलब्धता, हिरासत तथा कारागारमा स्वास्थ्य सम्बन्धी मापदण्डहरुको पालनाको अवस्था तथा कोभिड-१९ ले विद्यार्थीको स्वास्थ्य र शिक्षामा परेको असर सम्बन्धमा विभिन्न विद्यालयहरुको अनुगमन
- जातीय विभेद, अपाङ्गता, ज्येष्ठ नागरिक, आदिवासी जनजाति, व्यवसाय र मानव अधिकार, विपद् र मानव अधिकार, घरेलु हिंसा लगायतका विषयमा अनुगमन
- उखु किसानहरुले लामो समयदेखि उखुको भुक्तानी नपाएको विषय तथा बेवारिसे शव व्यवस्थापनको सन्दर्भमा भएको धर्ना तथा जनचेतना अभियानको अनुगमन
- काठमाडौं उपत्यका, काभ्रेपलाञ्चोक र रुपन्देही जिल्लामा सञ्चालित बाल सुधार गृहहरुको अनुगमन
- हवाई सेवा तथा विमानस्थलहरुको अनुगमन गरी प्राप्त तथ्यहरुको आधारमा सरोकारवाला निकायसँग अन्तरक्रिया
- अभिव्यक्ति स्वतन्त्रता तथा पत्रकारहरुको सुरक्षासम्बन्धी संयन्त्र निर्माण
- प्रदेश स्तरमा मानव अधिकार रक्षकहरुको सञ्जाल निर्माण भइरहेको
- लैंगिक नीतिको निर्माण गरी लैंगिक नीति कार्यान्वयनका सम्बन्धमा अनुगमन
- व्यवसायमा र मानव अधिकारको सन्दर्भमा चियावगान तथा उद्योग क्षेत्रमा कार्यरत बाल तथा महिला श्रमिकहरुको अवस्था बारे अनुगमन
- संक्रमणकालीन न्यायका संयन्त्रहरुको कामकारवाहीको अवस्था सम्बन्धमा अनुगमन
- सामूहिक अधिकार सम्बन्धी ६ वटा प्रतिवेदनहरु प्रकाशन तयारी

**समन्वय र सहकार्य**

- मानव अधिकार सम्बन्धी संवैधानिक निकायसँगको समन्वय र सहकार्यमा पदाधिकारीहरु तथा कर्मचारीहरु बीच कार्यक्रम, तालिम, अभिमुखीकरण, कार्यशाला सम्पन्न

- मानव अधिकार रक्षकहरुको सञ्जाल निर्माण गरी मानव अधिकारको अवस्था अनुगमन, अन्तरक्रिया लगायतका कार्यहरु
- मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सञ्जाल, GANHRI र APF सँग मानव अधिकार संरक्षण र संवर्द्धनको विषयमा निरन्तर समन्वय
- अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा मानव अधिकार राष्ट्रिय महाभेला सम्पन्न गर्ने सन्दर्भमा २०० भन्दा बढी संघ संस्थाहरुसँग समन्वय र सहकार्यमा देशव्यापी कार्यक्रमहरु सम्पन्न
- वातावरण दिवसको सन्दर्भमा Tribhuvan University, Supreme Court Bar Association, Pro-Public Nepal सँगको सहकार्यमा " Preservation, Protection and Improvement of the environment: Prerequisite for the benefit of present and future generations " विषयमा भर्चुअल अन्तराष्ट्रिय वेभिनार सम्पन्न । दुई प्रशिद्ध अन्तर्राष्ट्रिय विज्ञ अस्ट्रेलियाका प्राध्यापक Ben Boer र भारतका वरिष्ठ अधिवक्ता M. C. Mehata लगायत नेपालका विज्ञहरुको सहभागिता
- कोभिड-१९ अनुगमन सम्बन्धमा प्रदेश तथा जिल्लास्तरीय अनुगमन सञ्जाल गठन
- युपीआर सम्बन्धी प्रदेश तथा केन्द्रस्तरमा कार्यशाला र आयोगका सिफारिस कार्यान्वयन सम्बन्धी अन्तरक्रिया
- प्रदेश तथा स्थानीय सरकारसँग मानव अधिकार संरक्षण, सम्बर्द्धन तथा कानून पुनरावलोकन सम्बन्धमा सहकार्य
- द्वन्द्व पीडितहरुको न्यायका लागि द्वन्द्वपीडत तथा संक्रमणकालीन न्याय सम्बन्धी आयोगसँग सहकार्य तथा पीडितहरुलाई क्षतिपूर्ति र राहत उपलब्ध गराउन पहल
- काठमाडौँ विश्वविद्यालय र आयोगको सहकार्यमा कृत्रिम बौद्धिकता (Artificial Intelligence ) र मानव अधिकार बारे विज्ञहरुसँग अन्तरक्रिया
- काठमाडौँ विश्वविद्यालय, स्कूल अफ ल  र अष्ट्रेलियाको Western Sydney University र आयोग बीच सहकार्यका लागि प्रारम्भिक कार्य
- विभिन्न विषयगत आयोगहरुसँग विश्वव्यापी आवधिक समीक्षा सम्बन्धमा अनुसन्धानात्मक अध्ययनको प्रारम्भ
- संघीयताको मर्म अनुरुप प्रादेशिक तथा स्थानीय सरकारसँग मानव अधिकारमुखी पद्धतिको अवलम्बन गर्न गराउन सहकार्यको थालनी

**प्रवर्द्धनात्मक कार्यहरु**

- स्थानीय जनप्रतिनिधि, मानव अधिकार रक्षक, सञ्चारकर्मी लगायतलाई मानव अधिकार अभिमुखीकरण सम्बन्धी कार्यक्रम
- सङ्घीय संसद् तथा नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरुसँग बैठकहरु गरी मानव अधिकारका विभिन्न विषयमा ध्यानाकर्षण
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको मध्यवर्ति क्षेत्रका नागरिकहरुका लागि मानव अधिकार अभिमुखीकरण पुस्तिकाको प्रकाशन
- महिला समानता तथा समावेशीकरण नीति बमोजिमको आचारसंहिता तयार गरी कार्यान्वयन

- बाल अधिकारको अवस्था सम्बन्धी प्रतिवेदन तयार गरी संयुक्त राष्ट्र सङ्घीय समितिहरुमा पेश गर्ने क्रममा रहेको
- मानव अधिकार रक्षकहरुको प्रदेश तथा राष्ट्रिय सम्मेलनको तयारी
- मानव बेचविखनको अवस्था सम्बन्धमा आवधिक प्रतिवेदन तयारी

**कानून निर्माण तथा पुनरावलोकन सम्बन्धी कार्यहरु**

- मानव अधिकारको संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न विदेशी सङ्घ संस्थालाई प्रदान गरिने सहमति सम्बन्धी निर्देशिका, २०७८ तयार
- मानव अधिकार रक्षकसम्बन्धी निर्देशिका, २०७८ पुनरावलोकन
- सार्वजनिक सुनुवाइ निर्देशिका, २०७८ को पुनरावलोकन गर्नुका साथै, संसद्मा विचाराधीन विधेयकहरुमध्ये मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विधेयकहरुको अध्ययन पुनरावलोकन
- बागमती प्रदेशको प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ को मानव अधिकारका दृष्टिकोणबाट पुनरावलोकन
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को मानव अधिकारका दृष्टिकोणबाट पुनरावलोकन
- पूर्वाञ्चल विश्वविद्यालय, कानून सङ्कायको B.A. LLB को पाठ्यक्रममा समयौनिकतालाई अप्राकृतिक मैथुन अन्तर्गत राखिएको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा सो पाठ्यक्रम संशोधनका लागि आवश्यक कार्य भैरहेको ।

पत्रकार मित्रहरु,

आयोगका आगामी कार्यहरुलाई दिशानिर्देश गर्न आयोगको पाँचौं रणनीतिक योजनाको समीक्षा गर्दै आयोगले छैठौं रणनीतिक योजना (२०२१ - २०२६) निर्माण गरी कार्य प्रारम्भ गरेको छ । रणनीतिक योजनाले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, दिगो विकास लक्ष्य तथा नेपाल सरकारको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन, महिला, बालबालिका, जेष्ठ नागरिक, असहाय, दलित, अपाङ्गता, बेचबिखनमा परेका, आप्रवासी नेपाली कामदार, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक वर्ग, सीमान्तकृत, विपन्न वर्ग तथा जात जाति, धर्म, लिङ्ग, वर्ण, पेशा, संस्कृति आदिको आधारमा पछाडि पारिएका व्यक्तिको अधिकार सुनिश्चितताको लागि कार्य गर्ने, आयोगको पहुँच विस्तार तथा संस्थागत सुदृढीकरण गर्ने, संविधानप्रदत्त मौलिकहक तथा प्रचलित नेपाल कानूनले प्रदान गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरूको अध्ययन अनुसन्धान गरी बाधा अड्चन फुकाउन सरोकारवालालाई निर्देशन दिने, मानव अधिकार संरक्षण र संवर्द्धनमा सूचना प्रविधिको उच्चतम् प्रयोग गर्ने एवम् विपद् तथा महामारीको समयमा मानव अधिकारको अवस्था अनुगमन गरी मानव अधिकार संरक्षण र संवर्द्धन गर्न सरकारलाई सुझाव तथा निर्देशन दिने विषयलाई प्राथमिकतामा राखेको छ ।

आयोगले विगत एक वर्षमा कोभिड-१९ महामारीबाट नागरिकको मानव अधिकारको उपभोगमा पर्न गएको असरका सम्बन्धमा ३२ वटा जिल्लाको अनुगमन सम्पन्न गरी राष्ट्रिय प्रतिवेदन तयार गरेको छ। कारागार तथा हिरासतमा श्रृङ्खलाबद्ध रुपमा भएका आत्महत्याका घटनाहरुको अनुगमन गरी यसप्रकारका घटनाहरु नदोहोरिने अवस्थाको सुनिश्चितता गर्न नेपाल सरकारको ध्यानाकर्षण गराएको छ।

जातीय भेदभाव विरुद्धको अधिकारसँग जोडिएको रुपा सुनारको घटनामा आरोपीलाई संरक्षण गरेको आरोप लागेका तत्कालीन मन्त्री कृष्ण गोपाल श्रेष्ठ तथा उत्तेजनापूर्ण एवम् सामाजिक सद्भावमा खलल पुग्ने अभिव्यक्ति दिइएको भनिएकी मन्त्री रेणु कुमारी यादवलाई आयोगमा बोलाई जानकारी लिनुका साथै आगामी दिनमा यस प्रकारका कार्य नगर्न निर्देशन दिइएको छ। महाकाली नदी पार गर्ने क्रममा भारतीय सीमा सुरक्षा बलले तुइन काटिदिँदा नदीमा खसेर बेपत्ता भएको भनिएका जयसिंह धामीको घटना सम्बन्धमा आयोगबाट नेपाल सरकारको ध्यानाकर्षण गराउनुका साथै भारतीय राष्ट्रिय मानव अधिकार आयोगलाई छानविनका लागि पत्राचार गरिएको छ। आप्रवासी कामदारहरुको अधिकार संरक्षण सम्बन्धमा कतारको मानव अधिकार आयोग र मलेशियाको मानव अधिकार आयोगसँग यस अघि गरिएको सम्झौताको नवीकरण गर्ने कार्य आगाडि बढिरहेको छ।

यस अवधिमा मानव अधिकारका विभिन्न विषयमा ५० वटा प्रेस विज्ञति तथा प्रेसनोट जारी भएका छन् । आत्महत्या रोकथाम र न्यूनीकरण सम्बन्धमा, विचार र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न, खोपमा लक्षित वर्गको पहुँच सुनिश्चित गर्न, जातीय विभेदसम्बन्धी घटनाबाट पीडितको अधिकार सुनिश्चित गर्न, सुर्खेतमा राउटे युवतीलाई मदिरा सेवन गराई यौन दुर्व्यवहार गरिएको घटना लगायतका विषयमा आयोगले विज्ञप्ति मार्फत नेपाल सरकारलाई ध्यानाकर्षण गराएको छ। यसैगरी पत्रकारहरुको सुरक्षालाई ध्यानमा राख्दै आयोगका सदस्यको संयोजकत्वमा अभिव्यक्ति स्वतन्त्रता तथा पत्रकारहरुको सुरक्षासम्बन्धी अनुगमन संयन्त्र निर्माण भएको छ।

आयोगले निरन्तर रुपमा मानव अधिकारको उल्लङ्घनका घटनाको अनुसन्धान, आकस्मिक अनुमगन तथा विषयगत अधिकारहरुको अवस्थाका बारेमा अध्ययन गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ। गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा तत्काल हस्तक्षेपकारी भूमिका निर्वाह गरी आयोगले सम्बन्धित निकाय र अधिकारीलाई जिम्मेवार बनाउने कार्य गर्दै आएको छ।

आयोग, सञ्चार जगत र नागरिक समाजको प्रयासका बाबजुद देशको मानव अधिकारको अवस्था त्यति सन्तोषजनक छैन। अहिले पनि दश वर्षे द्वन्द्वका पीडितहरु न्यायको पर्खाइमा छन्। राष्ट्रिय मानव अधिकार आयाेगले गरेका सिफारिसहरु आंशिक मात्र कार्यान्वयन भएका छन्। खासगरी दोषीलाई कारवाही गर्नुपर्ने प्रकृतिका आयोगका सिफारिसहरु कार्यान्वयन नहुनुले दण्डहीनतालाई प्रश्रय पुगेको छ। सिफारिस कार्यान्वयनका लागि आयोगले निरन्तर नेपाल सरकारलाई ताकेता र नागरिक समाजसँग छलफल गरिरहेको छ।

नागरिकका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु (जस्तै : शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, आवासको अधिकार, खाद्य सम्प्रभुता, उपभोक्ताको अधिकार) ले प्राथमिकता पाउन सकेका छैनन् । दूर दराजमा नागरिकका आधारभूत अधिकारहरु नै जोखिममा छन् । महिला हिंसाका घटनाहरुको न्यूनीकरण हुन सकेको छैन । देश सङ्घीयतामा प्रवेश गरे तापनि मानव अधिकारका सवालहरु तीनै

तहका सरकारहरुको प्राथमिकतामा पर्न सकेको छैन । देश राजनीतिक एजेण्डामा नै बढी केन्द्रित हुँदा मानव अधिकारको एजेण्डा सधैं छायाँमा पर्दै आएको छ । कार्यपालिकाको काममा मानव अधिकारको विषय प्राथमिकतामा नपर्नु तथा व्यवस्थापिका संसद् र न्यायपालिकामा लामो समयदेखि अवरोध सिर्जना हुँदा नागरिकको मौलिक हकहरुको कार्यान्वयनमा चुनौती थपिएको छ ।

राज्य नागरिकहरुप्रति कति उत्तरदायी छ भन्ने कुरा देशको मानव अधिकारको अवस्थाले इंगित गर्दछ । राज्य सबै नागरिकहरुको अभिभावक भएकाले मानव अधिकार संरक्षण र सम्बर्द्धनमा चनाखो भई राष्ट्रिय मानव अधिकार आयोगलगायत अन्य मानव अधिकार सम्बन्धी संवैधानिक निकायहरुलाई स्रोत साधन सम्पन्न बनाई क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

राष्ट्रिय मानव अधिकार आयोगले आगामी दिनमा आयोगको रणनीतिक योजनाले निर्दिष्ट गरेको विषयहरुलाई प्राथमिकतामा राखी कार्य अगाडि बढाउने छ । आसन्न निर्वाचनको अनुगमन, कोभिड १९ महामारीले पार्नसक्ने दीर्घकालीन प्रभाव, मौलिक हकको कार्यान्वयन, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रत्याभूति, सामूहिक अधिकारका सवालहरुको अवस्था, मानव अधिकारमुखी विकास पद्धति, मानव अधिकार रक्षकहरुको प्रादेशिक तथा केन्द्रस्तरीय सम्मेलन, अभिव्यक्ति स्वतन्त्रता, वातावरण र दिगो विकास, प्राकृतिक प्रकोपबाट उत्पन्न अवस्थाको अनुगमन, महिला हिंसाको न्यूनीकरण, मानव अधिकार सम्बन्धी महासन्धिहरुको कार्यान्वयन, अभिव्यक्ति स्वतन्त्रता र तीनै तहका सरकार एवम् मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरुसँग मानव अधिकारको संरक्षणका लागि सहकार्य गर्ने कुरामा आयोगले ध्यान केन्द्रित गर्नेछ ।

राष्ट्रिय मानव अधिकार आयोग नागरिक समाजसँग सधैं हातेमालो गर्दै आफ्नो कार्य सम्पादन गर्ने संवैधानिक निकाय हो । सञ्चार जगत आयोगको सहकर्मी र सहयोगी मात्र नभएर मेरुदण्ड नै हो । आयोगले गरेका काम आम नागरिकको जानकारीमा पुऱ्याउने, आयोगका सिफारिस कार्यान्वयन गर्न र मानव अधिकारको सुनिश्चितताका लागि सरकारलाई घच्घच्याउने र आवश्यक पर्दा मानव अधिकारका सवालहरुलाई अन्तर्राष्ट्रियकरण गर्ने कार्यमा भूमिका खेल्ने पनि सञ्चार जगतले नै हो । त्यसैले मानव अधिकारको सुनिश्चितताका लागि पत्रकार तथा समग्र सञ्चार जगतले खेलेको भूमिकाको आयोग सधैं सह्राना गर्दछ ।

देशको मानव अधिकारको अवस्थामा सुधार ल्याउन कुनै एक वर्ग, समुदाय, क्षेत्र र निकायको प्रयासले मात्र सम्भव छैन । यसका लागि राज्यका सबै निकायहरु, सरकार, पत्रकार, नागरिक समाज र पीडित वर्ग समेतले आपसी सहकार्य गर्न आवश्यक छ । आयोगको कार्यमा पत्रकारहरुको विगतदेखि नै सहयोग र सहकार्य रहँदै आएको छ । भविष्यमा पनि यस प्रकारको सहयोग र सहकार्यले निरन्तरता पाउने आशा र विश्वासका साथ उपस्थित सम्पूर्ण पत्रकार मित्रहरुलाई हार्दिक धन्यवाद दिन्छु ।

धन्यवाद !